# महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको

## सातौं बार्षिक साधारण सभाको निर्णय पुस्तिका

मिति : २०८१ चैत्र ०७ गते बिहीबार

(तदनुसार मार्च २०, २०२५)

आ.व. २०८०/८१

महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था" (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)

# महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको
# ७.औं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

१. **प्रारम्भिक :**

महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८१/११/०५ गते बसेको ९५ औ सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा तोकिए बमोजिम संस्थाको सातौं वार्षिक साधारण सभा निम्न मिति,स्थान र समयमा मिति २०८१/१२/०७ गते बिहीबार यस संस्थाका अध्यक्ष श्री तारा कुँवर ज्यूको सभापतित्वमा पूर्व सूचित विषयहरुमा छलफल तथा निर्णय भई देहाय बमोजिम वित्तीय संस्थाको सातौं साधारण सभा सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८१ चैत्र ०७ गते बिहीबार ।

स्थान : अनमोल क्याटरिङ् सर्भिस प्रा.लि., शखमूल, काठमाण्डौं ।

समय : बिहान ११.०० बजे

कार्यक्रम संञ्चालक : कम्पनी सचिव/नायव प्रमुख कार्यकारी अधिकृत श्री दिवस राज ओली ।

३. **सभाको वैधानिकता :**

**सभाको बारेमा सार्वजनिक सूचना :**

सभाको शुरुमा सभाको वैधानिकता सम्वन्धमा छलफल भयो । कम्पनीका शेयरधनीहरुलाई कम्पनी ऐनको दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम ४(३) वमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरुलाई जानकांरीको लागि राष्ट्रिय स्तरको नयाँ पत्रिका दैनिक पत्रिकामा मिति २०८१ फाल्गुन ०९ गते प्रथम पटक र आर्थिक दैनिकमा दोस्रो पटक मिति २०८० फाल्गुन २९ गते बिहीबार रित पूर्वको सूचना प्रकाशित गरिएको तथा आ.व २०८०/८१ को वार्षिक प्रतिवेदन, सभाको सूचना तथा प्रोक्सी फारामहरु यस संस्थाको website www.mlbsl.com.np मार्फत सार्वजनिक गरिसकिएको व्यहोरा कम्पनी सचिव श्री दिवस राज ओलीबाट जानकारी गराइयो ।

४. **उपस्थिति :**

कम्पनीको सातौं साधारण सभामा शेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

क) **सञ्चालकहरुको उपस्थिति :**

| क्र.स | विद्यमान सञ्चालकहरुको नाम | प्रतिनिधित्व | ग्रहण गरेको शेयरकित्ता |
|---|---|---|---|
| १ | श्री तारा कुँवर | महिला अधिकार तथा विकास केन्द्र र व्यक्तिगत | १,४१,४१५.५३ |
| २ | डा.इमान सिंह गुरुङ | व्यक्तिगत | ३,१५,४६५.६३ |
| ३ | श्री टिका भट्टराई | प्रतिनिधि/माछापुच्छ्रे बैक लि. | ३,०४,५८७.५० |
| ४ | श्री माया भण्डारी | व्यक्तिगत | १०,८७८.१३ |
| ५ | श्री रोजी सिग्देल | सर्वसाधारण | ३२८.५२ |
| ६ | श्री कमल कुमार भारती | सर्वसाधारण | ४३५.१३ |
| ७ | श्री कृष्ण मुरारी घिमिरे | स्वतन्त्र सञ्चालक | - |

ख) **अन्य पदाधिकारी तथा एवं पर्यवेक्षकको उपस्थिति :**

| क्र.स | अन्य पदाधिकारी | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री तुल्सी थापा | अध्यक्ष | महिला अधिकार तथा विकास केन्द्र |
| २ | श्री कृष्ण प्रसाद न्यौपाने | प्रमुख कार्यकारी अधिकृत | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड साँगा काभ्रे । |
| ३ | मा. जुली कुमारी महतो | सचिव | महिला अधिकार तथा विकास केन्द्र |
| ४ | श्री उमा भण्डारी | उपाध्यक्ष | महिला अधिकार तथा विकास केन्द्र |
| ५ | श्री लेखनाथ पोखेल | प्रमुख कार्यकारी अधिकृत | नेपाल एसवीआई मर्चेन्ट बैंकिङ् लिमिटेड ठमेल, काठमाडौ । |
| ६ | श्री भक्तिराम घिमिरे | कानुनी सल्लाहकार | |

ग) **कर्मचारीहरु :**

| क्र. स | कर्मचारीको नाम | पद | क्र स | कर्मचारीको नाम | पद |
|---|---|---|---|---|---|
| १ | श्री दिवस राज ओली | ना. प्र.का.अ. | २ | श्री हरि प्रसाद गौतम | स.का.अ |
| ३ | श्री बुद्धि सागर न्यौपाने | प्रबन्धक | ४ | श्री प्रवीण कुमार माझी | स.प्रबन्धक |
| ५ | श्री नारायण रोका | स.प्रबन्धक | ६ | श्री सुमित बास्कोटा | ब. अधिकृत |
| ७ | श्री ममिला पौडेल | ब. अधिकृत | ८ | श्री रमेश अधिकारी | व.अधिकृत |
| ९ | श्री मनोज साह | व.अधिकृत | १० | श्री बुद्धी प्रसाद भट्ट | व.अधिकृत |
| ११ | श्री दिपनयना दिस्ती | अधिकृत | १२ | श्री अन्जना घिमिरे | अधिकृत |
| १३ | श्री सावित्री डुम्राकोटी | अधिकृत | १४ | श्री बिमला थापा मगर | अधिकृत |
| १५ | सरोज रेग्मी | अधिकृत | १६ | राम प्रसाद चौधरी | अधिकृत |
| १७ | सन्तोष महासेठ | अधिकृत | १८ | श्री सागर पौडेल | अधिकृत |
| १९ | श्री रबिन दाहाल | अधिकृत | २० | श्री निशा रिमाल | क. अधिकृत |
| २१ | श्री रमेश दाहाल | क. अधिकृत | २२ | श्री सरिता सुवेदी | सहायक |
| २३ | श्री अनिता पोखरेल | क.सहायक | २४ | श्री पुण्यवती के.सी. | का.सहयोगी |
| २५ | श्री शशिकला थापा | का.सहयोगी | २६ | श्री आनन्द खत्री | ड्राइभर |

घं) **शेयरधनी उपस्थिति विवरण :**

वित्तीय संस्थाको कुल शेयरधनी संख्या यस प्रकार रहेको छ ।
संस्थापक शेयरधनीको संख्या : २० (बीस)
सर्वसाधारण शेयरधनी संख्या : २८,२७८ (अट्ठाइस हजार दुई सय अठहत्तर मात्र) रहेकोमा सभामा निम्न बमोजिमको उपस्थिति भयो ।
स्वयं उपस्थिति संख्या : १५७
प्रतिनिधी मार्फत उपस्थिति संख्या : ३
जम्मा उपस्थिति संख्या : १६०
प्रमुख अतिथि : श्री तुल्सी थापा (अध्यक्ष महिला अधिकार तथा विकास केन्द्र) काठमाडौं ।
विशेष अतिथि : माननीय जुली कुमारी महतो तथा श्री उमा भण्डारी ।
पर्यवेक्षकको रुपमा उपस्थित : श्री लिलाधर पोखेल(नेपाल एसविआई क्यापिटल मर्चेण्ट) काठमाडौ ।

ङ) **गणपुरक संख्या** : (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम)

यस साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८१ फाल्गुन २४ गते कायम शेयरधनीहरु तथा उनीहरुले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.स | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक | २० | १३,०५,३७५ | |
| २ | सर्वसाधारण | २८,२७८ | ८,७०,२५० | |
| | जम्मा | २८,२९८ | २१,७५,६२५ | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपुरक संख्या कम्पनीको शेयरधनीहरु वा उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री दिवस राज ओलीबाट अवगत भई उपस्थित शेयरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानुन बमोजिम बोलाइएको हुदा पूर्व सूचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

सभामा कुल चुक्ता पुंजी २१ लाख ७५ हजार ६ सय २५ कित्ताको प्रतिनिधित्व गर्ने २८,२९८ जना शेयरधनीहरु मध्ये १६० जनाको उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ वमोजिम वार्षिक साधारण सभाको लागी आवश्यक गणपुरक संख्याको प्रतिनिधित्व पुगेकोले कम्पनी ऐनको दफा ६९ वमोजिम यस कम्पनीको वार्षिक साधारण सभालाई बैध घोषित गरी विधिवत रुपमा सभा सञ्चालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा सञ्चालन भयो ।

| शेयर तथा शेयर धनी | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कुल प्रतिनिधित्व |
|---|---|---|---|---|---|
| शेयर संख्या | २१,७५,६२५ | ८,७७,०२३ | ४,३५,१२४ | १३,१२,१४७ | ६०.३१ % |
| शेयरधनी संख्या | २८,२९८ | १५९ | ३ | १६२ | ०.५७ % |

## ५. सभामा प्रस्तुत भएका छलफलका विषयहरु :

शेयरधनीहरुको जानकारीको लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरु देहाय बमोजिम रहेका छन ।

### छलफलका विषय सूचीहरु :

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१. आ.व.२०८०/८१ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व.२०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ तथा कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८१/८२ लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सुविधाको निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. नियमावलीको नियम ३२(ग) मा शंसोधन गर्ने ।

२. यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त "घ"वर्गका लघुवित्त संस्थाहरुलाई गाभिने/गाभ्ने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due to Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारी पत्र (**Memorandum of**

**Understanding**) तर्जुमा गर्ने र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ग) **विविध ।**

## ६. सभाको सभापतित्व तथा आसन ग्रहण :

कम्पनी ऐन २०६३ को दफा ७४(१) बमोजिम र यस वित्तीय संस्थाको नियमावली १९(१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षले गर्ने व्यवस्था भए बमोजिम यस बार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४(१) कम्पनीको नियमावलीमा भएको व्यबस्था अनुसार कम्पनी सचिव श्री दिवस राज ओलीले कार्यक्रम सञ्चालन गर्नु भयो र कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री तारा कुँवर ज्यूलाई सभाको सभापतित्वको आसन ग्रहणका लागि अनुरोध गर्दै सभापतित्वको आसन ग्रहण गराउनुभयो । महिला अधिकार तथा विकास केन्द्रकी अध्यक्ष श्री तुल्सी थापा ज्यू लाई कार्यक्रमको प्रमुख अतिथिको आसन ग्रहण गराउनु भयो । महिला अधिकार तथा विकास केन्द्रका सचिव तथा माननीय जुली कुमारी महतो ज्यू र महिला अधिकार तथा विकास केन्द्रका उपाध्यक्ष्य उमा भण्डारी ज्यूलाई विशेष अतिथिको आसन ग्रहण गराउनु भयो । त्यस्तै सबै सञ्चालक ज्यूहरुलाई मञ्चमा आसन ग्रहण गराउनु भयो ।

## ७. सभाको औपचारिक उद्घाटन :

सभाको औपचारिक उद्घाटनको लागि प्रमुख अतिथि श्री तुल्सी थापा ज्यू र अध्यक्ष तारा कुँवर ज्यूबाट पानसमा बत्ती बाली सभाको उद्घाटन भयो । प्रमुख अतिथीलाई खादा, ब्याच तथा माला लगाई वित्तीय संस्थाका अध्यक्ष श्री तारा कुँवर ज्यूले सम्मान गर्नु भयो । साथै वित्तीय संस्थाका कर्मचारीहरुले मञ्चमा आसन ग्रहण गर्नु हुने सबै सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव तथा सबै मञ्चमा आसिन महानुभावहरुलाई खादा तथा माला र ब्याच लगाएर स्वागत गर्नु भयो ।

## ८. राष्ट्रिय गान :

राष्ट्रप्रति सम्मान स्वरुप सम्पूर्ण उपस्थित महानुभावहरुले राष्ट्रिय धुन बजाएर राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

## ९. स्वागत मन्तव्य :

सभापतिको अनुमति लिई उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत कार्यक्रमको लागि माछापुच्छ्रे बैकबाट प्रतिनिधित्व गर्नुहुने सञ्चालक श्री टिका भट्टराई ज्यूले सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सञ्चालक समितिको तर्फबाट स्वागत गर्नुभयो ।

## १०. शुभकामना मन्तव्य :

उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई प्रमुख अतिथि श्री तुलसी थापा ज्यूले सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई शुभकामना मन्तब्य दिनुभयो ।

## ११. सातौं वार्षिक प्रतिवेदन प्रस्तुति :

सभाको काम कारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री तारा कुँवर ज्यूले शेयरधनीहरुलाई सम्बोधन तथा स्वागत गर्दै वित्तीय संस्थाको आ.व २०८०/८१ को आफ्नो मन्तब्य सहित वार्षिक प्रविवेदन पढेर सुनाउनु भयो ।

त्यस पछि लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ गतेबाट २०८१ आषाढ मसान्त सम्मको नाफा/नोक्सान हिसाब सोही अवधिको नगद प्रवाह हिसाब सभा समक्ष छलफल तथा निर्णयको लागि प्रस्तुत गर्नुभयो । आ.व २०८०/८१ मा गरेको प्रगति तथा आ.व २०८१/८२ को भावी योजना तथा अन्य कार्यक्रमहरुका बारेमा विवरण प्रस्तुत गर्नु भयो । अन्त्यमा, धन्यवाद दिदै शेयरधनीको तर्फबाट कुनै जिज्ञासा भए तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो ।

१२. **साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्युत्तर :**

शेयरधनीका तर्फबाट व्यक्त गर्नु भएका जिज्ञासा, राय र सुझावको मुलभुत आशयहरु :

१) **जनार्दन आचार्य :**

क. अघिल्लो बर्ष र यस बर्ष पनि किन लाभांश नबाढेको ?

ख. कर्मचारीलाई समान ब्यवहार, फिल्डमा काम गर्नेलाई सम्मान गर्न सुझाव दिनु भयो ।

ग. नेपाल राष्ट्र बैंक, आलेप र बाह्य लेखा परीषणको निर्देशन पूर्णरुपमा पालना गर्न सुझाव दिनु भयो ।

घ. मूनाफालाई निरन्तरता दिन सुझाव दिनु भयो ।

२) **बैजनाथ रौनियार :**

क. इपिएस बृद्धि भएकोले संस्था मजबुत रहेको छ ।

ख. गुणस्तर युक्त कर्जा लगानी गरी निष्कृय कर्जा कम गर्न सुझाव दिनु भयो ।

३) **भेषनाथ भण्डारी :**

क. आगामी बर्ष दोहोरो अंकको लाभांश दिनु पर्ने सुझाव दिनु भयो ।

ख. स्थानीय सरकारसंग समन्वय गरी वित्तीय साक्षरता गर्न सुझाव दिनु भयो ।

ग. इपिएस, बुक भ्यालु राम्रो रहेको ।

घ. कर्मचारी प्रशिक्षण, क्षमता अभिबृद्धि तथा कार्य सम्पादनमा ध्यान दिनु पर्ने सुझाव दिनु भयो।

४) **ईन्द्रकृष्ण श्रेष्ठ :**

क. वासलात नेपालीमा प्रकाशन गर्न सुझाव दिनु भयो ।

ख. गुणस्तर युक्त कर्जा लगानी गरी निष्कृय कर्जा कम गर्न सुझाव दिनु भयो ।

ग. साना लगानीकर्तालाई थोरै भए पनि लाभांश वितरण गर्न सुझाव दिनु भयो ।

१३. **अध्यक्ष ज्यू, सञ्चालक श्री कमल कुमार भारती ज्यू र प्रमुख कार्यकारी अधिकृत ज्यूले प्रस्तुत गर्नु भएको जवाफ :**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको जिज्ञासा राय तथा अमुल्य सुझाव प्रति सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले सराहना गर्दै आभार प्रकट गर्नुभयो । यस महिला लघुवित्त वित्तीय संस्था लिमिटेडलाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा शेयरधनी महानुभावहरु तथा विज्ञहरुबाट प्रस्तुत गर्नुभएको महत्वपुर्ण सुझाव र जिज्ञासाले संस्थाको प्रगतिमा कोशेढुंगा सावित हुन सक्ने हुनाले शेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध हुने कुरा व्यक्त गर्नुभयो । शेयरधनीका तर्फबाट व्यक्त गर्नु भएका जिज्ञासा, राय, टिप्पणी र सुझावहरुको मुलभुत आशयहरु उपर अध्यक्ष ज्यू, सञ्चालक श्री कमल कुमार भारती ज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपाने ज्यूले पालैपालो जवाफ दिनु भएको थियो ।

१४. **सभाका निर्णयहरु :**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमूल्य सुझाव सल्लाहलाई संस्थाले उच्च प्राथमिकता साथ कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्व सूचित प्रस्तावहरुलाई क्रमश पारित गरिदिन अध्यक्ष ज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्ताव उपर सभाका शेयरधनीहरुको सर्वसम्मत निर्णयबाट देहाय बमोजिमको पारित गरियो ।

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट **अध्यक्ष श्री तारा कुँवर ज्यूले** प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मतले पारित गरियो ।

२. आर्थिक वर्ष ०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको वासलात तथा नाफा नोक्सान हिसाव सम्बन्धमा छलफल हुदा लेखापरिक्षक पिवाईसी एण्ड एसोसिएट्सबाट लेखा परिक्षण भई आएको लेखापरीक्षण प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

महिला लघुवित्त वित्तीय संस्था लि. २०७५

३. आ.व. २०८१/८२ को लागि बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्फर्म अडिट रिपोर्ट (Long Form Audit Report), प्रमाणीकरण, नेपाल राष्ट्र बैंकको निर्देशन नं. ०४/०८१ को १(ग) अनुसार प्रचलित लेखा मापदण्ड तथा नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन तयारी र वित्तीय संस्थालाई आवश्यक पर्ने अन्य प्रतिवेदन तयार गर्ने गरी उपरोक्त प्रस्ताव र व्यवस्था बमोजिम निम्नानुसारको ३ वटा चार्टर्ड एकाउन्टेन्टस् कम्पनी मार्फत प्राप्त शिलबन्दी कोटेशन उपर छलफल गरी न्यूनतम शुल्क र अनुभवको आधारमा बाह्य लेखापरीक्षण कार्यको लागि श्री पि.जे.पि.एन.एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स (P.J.P.N.& Co, Chartered Accountants), काठमाण्डौं उपयुक्त हुने जानकारी तथा वार्षिक साधारण सभाबाट अनुमोदन गर्न लेखापरीक्षण समितिबाट प्रस्ताव पेश हुन आए बमोजिम उक्त बाह्य लेखापरीक्षक श्री पि.जे.पि.एन.एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स (P.J.P.N.& Co, Chartered Accountants), काठमाण्डौंलाई नियुक्त गर्न सभा बाट सर्वसम्मतले पारित गरियो ।

साथै, उक्त बाह्य लेखापरीक्षक श्री पि.जे.पि.एन.एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्स (P.J.P.N.& Co, Chartered Accountants), काठमाण्डौंलाई कर सहित रु ३,३९,०००/- मात्र लेखापरीक्षण शुल्क र अन्य दैनिक भ्रमण भत्ता वित्तीय संस्थाको नियमानुसार हुने, यातायात खर्च वास्तविक टिकटको आधारमा भुक्तानी गर्ने गरी लेखापरीक्षण समितिबाट सिफारिस भई आएकोले सभाबाट सर्वसम्मतले पारित गरियो ।

## ख) विशेष प्रस्तावहरु

१. वित्तीय संस्थाको नियमावलीको परिच्छेद ४ को दफा ३२ (ख) मा संशोधन गर्ने सम्बन्धी तपशिल बमोजिमको विशेष प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

<u>नियमावलीको परिच्छेद ४ को दफा ३२ (ख) बमोजिम तीन महले</u>

| क्र. सं. | दफा | विद्यमान व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|---|---|
| १ | ३२ (ग) | वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा **भ्रमण भत्ता** देहाय बमोजिम हुनेछ । ई. **भ्रमण भत्ता बिल बमोजिम ।** | वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने **दैनिक भत्ता** तथा **आवास** र **यातायात खर्च** देहाय बमोजिम हुनेछ । ई. **आवास खर्च र यातायात खर्च वास्तविक बिल बमोजिम ।** | भ्रमण भत्तामा दैनिक भत्ता तथा आवास खर्च र यातायात खर्च समावेश हुने भएकोले भमण भत्तालाई थप प्रष्ट पार्नु पर्ने भएकोले । |

२. यस वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त “घ”वर्गका लघुवित्त संस्थाहरुलाई गाभिने/गाभ्ने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङकन (Due to Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारी पत्र (**Memorandum of Understanding**) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने बिशेष प्रस्ताव सर्वसम्मतले पारित गरियो ।

## ग) विविध :

विविध विषय अर्न्तगत यस सातौं वार्षिक साधारण सभाको निर्णय आधिकारिताको लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्न सर्वसम्मतले पारित गर्ने निर्णय भयो ।

## १५. <u>विशेष अतिथिको शुभकामना मन्तब्य :</u>

उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई विशेष अतिथि माननीय जुली कुमारी महतोज्यूले सम्पूर्ण उपस्थित शेयरधनी महानुभावहरुलाई

शुभकामना दिनुभयो । उहाँले वित्तीय संस्थासंग सम्बन्धित संस्थापन पक्ष, संचालक, व्यवस्थापन तथा कर्मचारी मिलेर कार्य गरेमा प्रगति हुने कुरा व्यक्त गर्नु हुँदै सफलताको शुभकामना दिनुभयो ।
त्यसैगरी, प्रमुख अतिथि श्री तुलसी थापा ज्यूले आगामी आ.व. को लागि सफलताको शुभकामना दिनु भयो ।

**१६. मायाको चिनो :**

साधारण सभाको प्रमुख अतिथि श्री तुल्सी थापा ज्यूलाई वित्तीय संस्थाका अध्यक्ष श्री तारा कुवँर ज्यूबाट धन्यवाद स्वरुप मायाको चिनो प्रदान गर्नुभयो । साथै, माननीय जुली कुमारी महतो ज्यू तथा महिला अधिकार तथा विकास केन्द्रकी उपाध्यक्ष श्री उमा भण्डारी ज्यूलाई मायाको प्रदान गर्नुभयो ।

**१७. धन्यवाद ज्ञापन :**

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैक, कम्पनी रजिष्टारको कार्यालय धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज, नेपाल क्लियरिङ हाउस लि.लगायत बिभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई धन्यवाद दिने निर्णय भयो ।
साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनिय योगदान गर्ने सम्पुर्ण महानुभावहरुलाई समेत धन्यबाद सहित आभार प्रकट गर्ने निर्णय भयो ।
कार्यक्रमका प्रमुख अतिथि श्री तुल्सी थापा ज्यू ले सातौं वार्षिक साधारण सभा सम्पन्न भएकोमा सबैलाई धन्यबाद दिनुभयो । उहाँले महिला लघुवित्त वित्तीय संस्था र महिला अधिकार तथा विकास केन्द्रले सहकार्य गरेर गाउँपालिका तथा नगरपालिकामा कार्यक्रम गर्नु पर्ने बताउनु भयो । उहाँले "विपन्न वर्ग र महिलाको जीवन स्तर माथि उठेन भने देशको विकास हुँदैन" भन्नु भयो । यस वित्तीय संस्थाले पिछडिएका र आर्थिक रुपमा कमजोर अवस्था भएका महिलाहरुको जीवनमा फरक ढंगले प्रभावकारी काम गर्न सफल भएकोमा खुसी लागेको र संस्थाका सदस्य र कर्मचारीको इमान्दारिता र लगनशिलताले सस्थाले प्रगति गरेको बताउनु भयो । उहाँले सफलताको लागि सबै जनाले हातेमालो गरेर लाग्नु पर्ने बताउनु भयो । संस्थाले अहिलेसम्म गरेको कामको प्रशंसा गर्दै आउने दिनमा अझै प्रगति गर्नेमा आफू विश्वस्त रहेको बताउनु भयो ।

१८. कम्पनी सचिव श्री दिवस राज ओलीले आजको यस सातौं वार्षिक साधारण सभामा समावेश विषय सूची अर्न्तगतका सम्पूर्ण विषयहरु समाप्त भएको व्यहोरा जानकारी गराउनु हुदै आजको साधारण सभा समापन गरिदिन अध्यक्ष एंव सभापति ज्यूलाई अनुरोध गर्नुभयो ।

**१९. सभाको समापन :**

विषय सूचीमा भएका सम्पुर्ण कार्यहरु समाप्त भएको जानकारी पश्चात अध्यक्ष ज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उहाँहरुको अमूल्य समय, सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनु भयो । सातौं वार्षिक साधारण सभा शान्ति एवं सौहार्द पूर्ण सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने श्री नेपाल राष्ट्र बैक, कम्पनी रजिष्टारको कार्यालय, बाह्य लेखापरीक्षक, कानूनी सल्लाहकार विभिन्न संघ-संस्थाका प्रतिनिधिहरु, महिला अधिकार तथा विकास केन्द्रका पदाधिकारी ज्यूहरु, पत्रकार महानुभावहरु, सम्पूर्ण कर्मचारीहरु लगायत दिवाभोजको लागि उपलब्ध गराई सहयोग गर्ने अनमोल क्याटरिङ सर्भिस प्रा लि. लाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सातौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ---------------------- | | ---------------------- |
| श्री दिवस राज ओली | | श्री तारा कुवँर |
| कम्पनी सचिव | | अध्यक्ष |

**सभा सम्पन्न मिति :** २०८१ चैत्र ०७ गते बिहीबार (तदनुसार मार्च २०, २०२५)